आज मिति २०७९/०३/०९ गते बिहिवार दिनको १:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको चौथो बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. आ.व. २०७९/८० को नीति तथा कार्यक्रम नवौं नगर सभामा पेश गर्ने सम्बन्धमा ।
निर्णय :- प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० को नीति तथा कार्यक्रम मिति २०७९/३/१० गते हुने नवौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. आर्थिक ऐन, २०७९ सम्बन्धमा ।
निर्णय :- प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक ऐन, २०७९ मिति २०७९/३/१० गते हुने नवौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. विनियोजन ऐन, २०७९ सम्बन्धमा ।
निर्णय :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा विनियोजन ऐन, २०७९ मिति २०७९/३/१० गते हुने नवौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. वडा नं. ६ स्थित पडाकट्टी र सुँगुरकट्टी सार्ने सम्बन्धमा ।
निर्णय :- प्रस्ताव नं ४ माथि छलफल गर्दा वडा नं. ६ मा अनाधिकृत, अस्वस्थ्य र असुरक्षित रुपमा भईरहेको पडाकट्टी र सुँगुरकट्टीले बाटोमा आवतजावत गर्ने जनता र छिमेकी नगरबासीहरुलाई अप्ठ्यारो भईरहेकोले सो पडाकट्टी र सुँगुरकट्टीलाई जिल्ला हुलाक कार्यालय/कृषि विकास बैंकको नजिक खौराही खोलाको पूर्वी किनारमा सार्ने निर्णय गरियो ।

५. कोभिड-१९ बाट प्रभावितलाई राहत वितरण सम्बन्धमा ।
निर्णय :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोभिड-१९ कोप्रभावबाट रोज्गारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न नेपाली नागरिकको परिवारलाई तत्कालको न्युन्तम आधारभूत आवश्यक्ता पूरा गर्न नेपाल सरकार, अर्थ मन्त्रालयले राहत स्वरुप प्रति परिवार १०,०००/-(अक्षरेपी दश हजार मात्र) का दरले यस न.पा.को लागि लाभग्राहीहरुको अधिकतम संख्या सीमा २३९३ तोकेको र "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८" को अनुसूची ३ बमोजिमको ढाँचामा दावी विरोधका लागि सूचना प्रकाशित भई दावी विरोधको अवधि सकिएका संसोधित सहित पेश भएका तपसिल अनुसारको वडा नं.९,१५ र २६ को वडागत लाभग्राहीहरुको अन्तिम सूची स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय गरियो साथै सो सचेतना केन्द्रका सदस्यहरुलाई सो रकम बराबरको शेयर धनी दिप शिखाले बनाउने र जुन सदस्यको नाउँमा ऋण रहेको छ, सो ऋण सोहि सदस्यलाई कायम गरि दिप शिखाले असुल उपर गर्ने निर्णय गरियो ।

७. राजश्व परामर्श समितिको निर्णयहरु अनुमोदनको लागि नगर सभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजश्व परामर्श समितिको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

८. नगरसभा सदस्य र स्वीपरहरुलाई रेनकोट उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरसभा सदस्यहरु र स्विपरहरुलाई रेनकोट उपलब्ध गराउने निर्णय गरियो ।

९. मोटरसाइकल मर्मत गर्ने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई मोटरसाइकल मर्मत वापत बिल बमोजिम वा अधिकतम वार्षिक रु. ५०००/- उपलब्ध गराउने निर्णय गरियो ।

१०. विजुलीको सामान सोझै खरिद गर्ने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. १० माथि छलफल गर्दा जनगुनासोलाई मध्यनजर गर्दै एल.ई.डी. बल्ब र विजुलीका सामाग्रीहरु समेत सोझै खरिद गर्ने निर्णय गरियो ।